निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

निर्वाचन आयोग नेपाल 2023

## प्रेस विज्ञप्ति

मिति: २०७९ वैशाख २९ गते

निर्वाचन आयोगले वैशाख ३० गते हुने स्थानीय तह सदस्य निर्वाचन, २०७९ को सम्पूर्ण तयारी पूरा गरेको छ। निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा सम्पन्न गराउन आयोगले वैशाख २६ गते पछि गरेका निर्णय र गतिविधि यस प्रकार छन् :

१. निर्वाचन हुने दिनभन्दा ४८ घण्टा अगाडिबाट मौन अवधि सुरु हुने व्यवस्थाबमोजिम वैशाख २७ गते मध्यराति १२ बजेदेखि सुरु भएको मौन अवधिमा निर्वाचन आचारसंहिता, २०७८ को पालनामा आयोगले विशेष सजगता अपनाएको छ। यस अवधिमा आचारसंहिताको कार्यान्वयनका लागि नियमित अनुगमन संयन्त्रका साथै निर्वाचन अनुगमन टोलीले पनि काम गरिरहेको छ। विभिन्न सञ्चारमाध्यम र सामाजिक सञ्जालबाट प्राप्त उल्लङ्घनसम्बन्धी सूचनालाई पनि आयोगले जानकारीमा लिई आवश्यक कार्यहरू गरिरहेको छ। आचारसंहिता लागू भएयता हालसम्म आचारसंहिता उल्लघङ्नका घटनामा ६६ वटा स्पष्टीकरण सोधिएको छ भने नौ वटा सचेत र एक वटा ध्यानाकर्षणको निर्णय भएको छ।

२. निर्वाचन आचारसंहिताको उलङ्घन हुने गरी मौन अवधिमा क्रियाकलाप गरेको विषयमा आयोगले नेकपा (एमाले) का उपमहासचिव पृथ्वीसुब्बा गुरुङ र नेकपा (माओवादी केन्द्र) का बाग्मती प्रदेश कमिटी सदस्य गंगा दाहाललाई वैशाख २८ गते २४ घण्टे स्पष्टीकरण सोधेको छ। गुरुङले सेतोपाटी अनलाइनमा प्रकाशित एमाले उम्मेदवारलाई मत दिएर जिताउन आग्रह गरिएको भिडियो आफ्नो एकाउन्टबाट बुधबार बिहान ८:१० बजे पोष्ट गरी आचारसंहिताविपरीत अपिल गरेको र गंगा दाहालले व्यक्तिगत फेसबुक पेजमा भरतपुर महानगरपालिकाका प्रमुखका उम्मेदवार रेनु दाहाल, उपप्रमुखका उम्मेदवार चित्रसेन अधिकारीलाई अत्यधिक मतले विजयी गराऔं भनी अनुरोध गरी शेयर गरेको विषयमा स्पष्टीकरण सोधिएको हो। निर्वाचन आचारसंहिता, २०७८ को दफा १६ (घ) बमोजिम मौन अवधिमा राजनीतिक दलका पदाधिकारी वा उम्मेदवार तथा दलको भ्रातृ सङ्गठन वा सम्बन्धित व्यक्तिले सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचार प्रसारका सामग्री पोष्ट वा शेयर गर्न वा गराउन नहुने व्यवस्थाप्रति आयोग सम्बन्धित सबैमा पुन: ध्यानाकर्षण गराउन चाहन्छ।

३. आयोगले मतदातालाई अनुचित प्रभाव पार्ने गरी अभिव्यक्ति दिएको विषयमा परेको उजुरीका आधारमा नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा आरजु राणा देउवालाई वैशाख २८ गते २४ घण्टाभित्र स्पष्टीकरण दिन भनेको छ। राणाविरुद्ध कैलाली जिल्लाको धनगढी उपमहानगरपालिकामा आयोजित कार्यक्रममा मतदातालाई आर्थिक प्रलोभन देखाउने किसिमको अभिव्यक्ति दिएको भनी आयोगमा उजुरी प्राप्त भएको थियो।

४. नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' लाई चितवनको भरतपुरमा आयोजित चुनावीसभामा दिएको अभिव्यक्तिका सम्बन्धमा वैशाख २८ गते पत्र प्राप्त भएको समयले चौबीस घण्टाभित्र आयोग स्पष्टीकरण बुझाउन पत्राचार गरिएको छ। नेपाली काँग्रेस (बी.पी.) ले दाहालविरुद्ध आयोगमा दर्ता गराएको उजुरीमा पूर्वप्रधानमन्त्री दाहालले वैशाख २३ गते भरतपुरमा आयोजित सभामा 'यदि यस भरतपुर महानगरपालिकाको मेयर पदमा नेकपा माओवादी केन्द्रकी उम्मेदवार रेनु दाहाललाई


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३। फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np

मतदान नगरी पराजित गराएमा देश दुर्घटनामा जानेछ' भनी आम मतदातालाई धम्क्याउने उद्देश्यले प्रेरित भई आपत्तिजनक अभिव्यक्ति दिएको उल्लेख छ ।

५. नेकपा (माओवादी केन्द्र) का तर्फबाट कलैया उपमहानगरपालिका वडा नं. २३ का वडाध्यक्षका उम्मेदवार विक्रम साहलाई 'चुनाव चिन्ह अंकित टिसर्टसहित प्रचारमा देखिए माओवादी नेता साह' शीर्षकको अनलाइनखबरको वैशाख ८ गतेको संस्करणमा प्रकाशित समाचारप्रति ध्यानाकर्षण गराउँदै आयोगले स्पष्टीकरण सोधेको छ । साहलाई चौबीस घण्टाभित्र स्पष्टीकरण पेश गर्न भनिएको छ ।

६. संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेलाई निर्वाचन आचारसंहिता उलङ्घन हुने गरी क्रियाकलाप गरेको विषयमा आयोगले २४ घण्टाभित्र स्पष्टीकरण बुझाउन भनेको छ । मन्त्री आलेविरुद्ध आयोगमा डोटीको जोरायल गाउँपालिकामा नेकपा (एकीकृत समाजवादी) र नेकपा ( माओवादी केन्द्र) को संयुक्त आयोजनामा वैशाख २६ मा भएको चुनावी सभामा पार्टीका लागि मत मागेको, मतदाता भड्काउन भ्रमात्मक भाषण दिएको, तडकभडक गर्दै भोजभत्तेर गरेको, मतदातालाई रकम बाँडेको, गाउँपालिकामा नेकपा (एमाले) का अध्यक्षका उम्मेदवार दुर्गादत्त ओझाको चरित्र हत्या गर्ने खालका सम्पादित भिडियोहरु सार्वजनिक स्थलमा राखेको, गुण्डागर्दी गर्दै अराजक टिम परिचालन गरी ज्यान मार्ने धम्की दिएको आदि व्यहोरासहितको उजुरी आयोगमा प्राप्त भएको थियो ।

७. पर्साको वीरगञ्ज महानगरपालिकामा नेकपा (एमाले) का उम्मेदवार विजय सरावगीले निर्वाचन आचारसंहिता उलङ्घन हुने गरी क्रियाकलाप गरेको विषयमा आयोगले २४ घण्टाभित्र स्पष्टीकरण दिन भनेको छ । सरावगीले वैशाख २६ गते राति १२:३० बजे महानगरको वडा नं. १६ स्थित एक मतदाताको घरमा प्रवेश गरी मत खरिद गर्न नगदको लेनदेन गरेको भनी जनता समाजवादी पार्टी नेपालका वीरगञ्ज महानगर कमिटीका अध्यक्ष ईश्वरचन्द्र यादवको उजुरीका आधारमा आयोगले सरावगीसँग जवाफ माग गरेको हो ।

८. सेतोपाटी सञ्चार प्रालिमा मिति २०७९।१।२३ गते "वीरगन्जमा दबंग नेता राजेशमानको सम्भावना धेरै, पछिपछि निवर्तमान मेयर सरावगी" र मिति २०७९।१।२४ गते "गठबन्धनको सहयोगमा इटहरीको लालकिल्ला पहिलोपटक तोड्ने आशमा कांग्रेस" शीर्षकमा प्रकाशित समाचारबाट निर्वाचन आचारसंहिताको उल्लङ्घन भएको सम्बन्धमा सोधिएको स्पष्टीकरणमा प्राप्त जवाफ चित्तबुझ्दो र जिम्मेवार नभएकाले आयोगले उक्त सञ्चार संस्थालाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ बमोजिम निर्वाचन आचारसंहिता विपरीत हुने खालका समाचार प्रकाशन नगर्न तथा प्रकाशन भएका त्यस्ता समाचारहरु तत्काल हटाउन निर्देशन दिई अब आइन्दा यस्तो कार्य नगर्न सचेत गराउने निर्णय गरेको छ ।

९. रुपन्देहीको तिलोत्तमा नगरपालिकाका प्रमुख वासुदेव घिमिरेले नेकपा (एमाले) का उम्मेदवारहरुको प्रचार प्रसारमा खटिएको भन्ने फोटोसहितको समाचार तथा आचारसंहिता 'उल्लङ्घन गरेकोमा कारबाही गर्न तिलोत्तमाका मेयर घिमिरेको निर्वाचन आयोगलाई चुनौती' भन्ने शीर्षकको समाचार अनलाइनखबर लगायतका आमसञ्चार माध्यम तथा सामाजिक सञ्जालबाट आयोगलाई जानकारी हुन आएको विषय आयोगमा पेश हुँदा निजले गरेको उक्त कार्य निर्वाचन आचारसंहिता,२०७८ को दफा ५ को खण्ड (क) तथा निर्वाचन आयोग ऐन,२०७३ को दफा २२ विपरित भए गरेको देखिएकोले निर्वाचन आयोग ऐन,२०७३ को दफा २३ बमोजिम अब आइन्दा निर्वाचन आचारसंहिता विपरीतका कार्यहरु नगर्न नगराउन निर्देशन दिई, निजले आचारसंहिता उल्लङ्घन हुने कार्य गरेकोले सचेत गराउने आदेश दिइएको छ ।

प.सं. च.नं./Ref:

१०. नेपाली काँग्रेसको तर्फबाट मेलम्ची नगरपालिका वडा नं.१० का वडा अध्यक्ष पदका उम्मेदवार अमृत खनालले मतदाताको खुट्टामा हजारको नोट राखी ढोग गर्दै भोट मागि रहेको फोटोसहितको समाचारहरू विभिन्न सञ्चारमाध्यमहरुबाट जानकारीमा आएको सम्बन्धमा निजले पेश गरेको स्पष्टीकरण वस्तुगत आधारको नभई चित्तबुझ्दो नभएको र निजले निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ बमोजिम निर्वाचन आयोगले जारी गरेको आचारसंहिता उल्लङ्घन गरेको ठहरेकोले निजलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ विपरित भए गरेकों देखिएकोले अब आइन्दा निर्वाचन आचारसंहिता विपरीतका कार्यहरु नगर्न नगराउन निर्देशन दिई सचेत गराउने निर्णय भएको छ ।

११. नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलको अभिव्यक्तिबारे विभिन्न अनलाइन पत्रिकामा प्रकाशित 'पत्रकार महासंघका अध्यक्ष भन्छन्-निर्वाचन आयोगले जारी गरेको आचारसंहिता हामीले मान्न जरुरी छैन' भन्ने शीर्षकको समाचारबाट आयोगलाई जानकारी हुन आएको विषय आयोगमा पेश हुँदा उक्त कार्य निर्वाचन आचारसंहिता,२०७८ तथा निर्वाचन आयोग ऐन,२०७३ को दफा २२ बमोजिम जारी भएको आचारसंहिता विपरीत भए गरेको देखिएकोले निर्वाचन आयोग ऐन,२०७३ को दफा २३ बमोजिम अब आइन्दा निर्वाचन आचारसंहिता विपरितका कार्यहरु नगर्न नगराउन ध्यानाकर्षण गराउने निर्णय भएको छ ।

१२. वैशाख ३० गते सम्पन्न हुने स्थानीय तह सदस्य निर्वाचन, २०७९ का दिन वर्षाका कारणले मतदान र मतगणना कार्य प्रभावित नहुने गरी जोगाउन र निर्वाचन सामग्रीसमेतको सुरक्षा गर्न निर्वाचन आयोगले नेपाल सरकारका सम्बद्ध निकायलाई निर्देशन दिएको छ ।

१३. निर्वाचनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी तथा भयमुक्त वातावरणमा सम्पन्न आयोगले मतदानको दिन आन्तरिक रूपमा सञ्चालन हुने सबै प्रकारका यातायात बन्द गराउन नेपाल सरकार, गृह मन्त्रालयलाई लेखी पठाइसकेको छ । निर्वाचनसम्बन्धी कुनै कार्यमा प्रयोग नहुने गरी एम्बुलेन्स, खानेपानीको ट्याङ्कर, दुध बोक्ने सवारी साधन, दमकल, दूरसञ्चार तथा केबल सेवा, शववाहन, अस्पतालका स्वास्थ्यकर्मीको आवागमनका लागि प्रयोग हुने साधन, अस्पतालमा कार्यरत परिचयपत्र प्राप्त चिकित्सकले प्रयोग गर्ने सवारी साधन, फोहोरमैला ओसारपसार गर्ने सवारी साधन, तरकारी फलफूल तथा विद्युत सेवा जस्ता अत्यावश्यक सेवा र नम्बर प्लेटमा सिडी उल्लेख भएको कुटनीतिक नियोगका सवारी साधनको हकमा सवारी अनुमतिपत्र लिनुपर्ने छैन ।

१४. मतदानको दिन उपत्यकाभित्र सञ्चारकर्मीहरुको सवारी आवागमनलाई सहजीकरण गर्ने सम्बन्धमा देहायबमोजिम गर्ने गरी व्यवस्था मिलाउन नेपाल सरकार, गृह मन्त्रालयलाई निर्देशन दिइएको छ :

(क) नेपाल सरकार वा प्रदेश सरकारको आधिकारिक निकायबाट जारी भएको प्रेस पास भएका सञ्चारकर्मीहरुका हकमा त्यस्ता सञ्चारकर्मीले प्रयोग गर्ने सवारी साधनका लागि सवारी अनुमतिपत्र आवश्यक नपर्ने ।

(ख) प्रेस पास नभएका सञ्चारकर्मीहरुको हकमा सम्बन्धित सञ्चारगृहको आधिकारिक पत्रमार्फत् अनुरोध भई आएमा प्रमुख जिल्ला अधिकारी, काठमाडौंले सवारी अनुमतिपत्र जारी गर्न सक्ने ।

१५. आयोगले ७७ जिल्लाका मुख्य निर्वाचन अधिकृतको कार्यालय, ६७६ वटा निर्वाचन अधिकृतको कार्यालय, ७ वटा प्रदेश निर्वाचन कार्यालय र ७० वटा जिल्ला निर्वाचन कार्यालयलाई वैशाख ३० गते सम्पन्न हुने स्थानीय तह सदस्य निर्वाचनका लागि निर्वाचन प्रचार प्रसार तथा मतदाता शिक्षा कार्यक्रम अन्तर्गत निर्वाचन तथा मतदाता शिक्षा निर्देशिका तथा स्थानीय तह निर्वाचन निर्देशिकामा मतदान स्थलमा मतदाता सूचना कक्षको माध्यमबाट मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था भएकोमा मतदानको दिन (वैशाख ३० गते) उक्त कार्यक्रम नगरी मतदानको अघिल्ला दुई दिन (वैशाख २८ र २९ गते) मतदान स्थलहरूमा सम्बन्धित मतदान अधिकृतहरूको नेतृत्वमा खटिने मतदान टोलीबाट


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np

आयोगले उपलब्ध गराएका मतदाता परिचयपत्रको वितरण भइरहेको छ । आयोगले उपलब्ध गराएका नमूना मतपत्र लगायतका पोष्टर, ब्रोसर आदि छपाई सामग्रीहरूको माध्यमबाट मतदान गर्ने सही तरिका गराउन निर्देशन दिएको छ ।

१६. स्थानीय तह निर्वाचनमा सबै मतदाताको मताधिकार सुनिश्चित गर्न मतदान हुने दिन वैशाख ३० गते निजी क्षेत्र, विभिन्न संघ संस्था, निकाय, गैरसरकारी संस्था, बैंक तथा वित्तीय संस्था, सहकारी सबैलाई सो दिन बिदा दिन आयोगले आग्रह गरेको छ ।

१७. स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ ले गरेका व्यवस्थाका आधारमा आयोगले मतदानको दिन मतदानकेन्द्रभित्र मतदाता, उम्मेदवार वा निजको एक जना निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि, आयोगबाट अनुमतिप्राप्त पर्यवेक्षक, आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतबाट अनुमति पाएका व्यक्ति, महिला मतदाताको साथमा रहेको बढीमा पाँच वर्षको नाबालक एवम् दृष्टिविहीन वा शारीरिक रूपले अशक्त मतदाताको सहयोगको लागि साथमा आएको एकाघरको परिवारको सदस्यलाई मात्र प्रवेश गर्न दिने व्यवस्था रहेको छ । तर मादक पदार्थ सेवन गरेको व्यक्ति मतदाता भएता पनि मतदान अधिकृतले मतदान केन्द्रमा प्रवेश गर्न दिने छैनन् । त्यस्तै मतदान केन्द्रमा प्रवेश गर्न अनुमति पाएको मतदाता वा अन्य कुनै व्यक्तिले मतदान केन्द्रभित्र मोवाइल क्यामेरा तथा फोटो खिच्ने सामग्री, सलाई, लाइटरजस्ता प्रज्वलनशील एसिड पदार्थ, कुनै प्रकारको हात हतियार, नमूना मतपत्रलगायतका कागजातहरू, कुनै राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिह्न भएको वा संकेत जनिने कुनै वस्तु लैजान पाइने छैन ।

१८. निर्वाचनमा मतदानका लागि मतदाता नामावलीमा नाम हुनु अनिवार्य छ । नामावलीमा नाम भएकाले मतदाता परिचयपत्र वा नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र वा राहदानी वा जग्गा धनी प्रमाण पूर्जाको सक्कल प्रमाणका आधारमा मतदान गर्न दिन सबै निर्वाचन अधिकृतलाई निर्देशन दिइएको छ ।

१९. दोलखाको तामाकोशी गाउँपालिकाको वडा नम्बर १ को वडा कार्यालय भवनस्थित मतदान स्थलमा मतदाता परिचयपत्र वितरण गरिएको स्थानमा सहायक कर्मचारी हरिशरण भट्टराईको हातबाट सोही वडाका निवर्तमान वडा अध्यक्ष महेश्वर काफ्लेले १२५ थान मतदाता परिचयपत्र खोसी फरार भएकोमा इलाका प्रहरी कार्यालयबाट खटिएको टोलीले निजलाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालय चलान गरेको छ । निज काफ्लेलाई दोलखाको मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट निर्वाचन कसुरअन्तर्गत कारवाही चलाउने विषयमा आवश्यक प्रक्रिया अघि बढेको छ ।

निर्वाचन आयोग नेपाल २०२३

सूर्यप्रसाद अर्याल
(सहायक प्रवक्ता एवं उपसचिव)


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np